# विजयनगर गाँउपालिका वडा नं. ...

# श्री .....................................................कृषक समुह

## समुहको विधान

# कृषक समुहको बिधान

## प्रस्तावना

कृषि वस्तुको उत्पादन, उत्पादाकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित सामाग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत बीउ एवं आय बृद्धि, बचत संकलनबाट आत्मा निर्भर हुनाको लागि **विजयनगर गाँउपालिका** कार्यपालिकाको कृषि बिकास शाखामा श्री................................................ कृषक समुह २०....... मा गठन गरी समुहका क्रियाकलापहरु नियमन गर्न वान्छनिय देखिएको ले मिति २०....../ / गतेमा कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ को अधिनमा रहि यस विधान तर्जुमा गरी लागु गरिएको छ ।

### १. प्रारम्भिक :

#### (१) संक्षिप्त नाम र प्रारम्भ

क. यस समुहको नाम श्री ........................................ कृषक समुह -२०...... रहनेछ ।

ख. यो विधान समुह सम्बन्धित स्थानिय तहको कृषि विकास शाखामा दर्ता भए पछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा:-** विषय र प्रसंगको अर्को अर्थ नलागेमा यो विधानमा

क. "समुह" भन्नाले यस विधानमा उल्लेखित कृषि कार्य द्वारा कृषि उपज उत्पादन र उत्पादकत्व बढाइ आय आर्जन गर्न इच्छुक कृषकहरुको समुहलाई जनाउनेछ ।

ख. सदस्य भन्नाले ....................................... कृषक समुहको उदेश्य अनुसार उत्पादन र उत्पादकात्व बढाउन विधान को दफा ३ बमोजिम सदस्यता लिएको जनाउनेछ ।

ग. कार्य समिति भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीलाई जनाउनेछ ।

घ. साधारण सभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**३. समुहको छाप:-** गोलो घेराभित्र यस समुहको नाम श्री .................................... कृषक समुह स्थापना-२०७७ **लेखिएको हुनेछ** ।

४. **समुहको कार्यालय** :- यस समुहको कार्यालय कपिलवस्तु जिल्ला **महाराजगंज** नगरपालिका वडा नं. ........................ रहनेछ ।

६. **समुहको दर्ता** :- कृषक समुह सम्बन्धित स्थानिय तहको कृषि विकास शाखामा दर्ता गर्नुपर्नेछ ।

ख. अनिवर्य रुपमा आन्तारिक राजस्व कार्यालयमा समुह दर्ता गरी स्थायी लेखा पान नं. लिनुपर्नेछ ।

## २.उदेश्य र कार्य

**१.उदेश्य** : सदस्यहरुको सामाजिक, आर्थिक, कृषि जन्य व्यवसायिक, हितलाई ध्यानमा राखी देहायमा उल्लेखित समुहको उदेश्य हुनेछ ।

क. कृषि व्यवसायलाई आधुनिकीकरण एवंम विविधिकरण गरी उत्पादकत्व, उत्पादन बृद्धिका लागि एक जुट भइ काम गर्ने ।
ख. सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने ।
ग. सदस्यहरुमा स्वलम्बनको ज्ञान, पारसपारिक सहयोग र मितव्यायिताको भावना **विकसित** गर्ने ।
**(२)** समुहको विधानको उपदफा (१) बमोजिमका उदेश्यहरु प्राप्त गर्न यो समुहले देहाय बमोजिम कार्यहरु गर्नेछ ।
क. उन्नत प्राविधिबाट खेती गरी उत्पादन एवंम उत्पादकत्व बढाउने,
ख. कृषि **उत्पादनमा** बृद्धि गरी आत्मा निर्भर हुने,
ग. उन्नत प्राविधि अपनाउने
घ. कृषि उत्पादनबाट आय बृद्धि गर्ने
ङ. समुहबाट बजार व्यवस्थापन गर्ने
च. कृषकद्धारा उत्पादित बस्तुको मुल्यमा एकरुपता ल्याउने
छ. भण्डारणको व्यवस्था
ज. सदस्यको सिपमा बृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालित गर्ने
झ. सदस्यको आर्थिक अवस्था सुधार गर्न सकने किसिमका अन्य क्रियाकलापहरु संचालन गर्ने
ञ. सदस्यहरुबीच स्वलम्बन, पारष्पारिक सहयोग एवंम मितव्यायिता अभिबृद्धि गरी नियामित बतच गर्ने बानी प्रवर्धन गर्ने ।
ट. समुह सदस्यहरुमा उत्पादनशील आयमुलक एवंम सीपमुलक उदेश्यका लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने ।

ठ. आफ्नो उदेश्य पुरा गर्नको लागि समान उदेश्य भएका स्थानीय क्षेत्र, राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थासँग सहयोगात्माक भावना राख्ने ।

ड. कृषि सँग सम्बन्धित अन्य कृषक समुह, सहकारी, वितीय संघ संस्थासँग सम्पर्क कायम गरी जानकारी एंवम सुचना अदानप्रदान गर्ने ।

ढ. यस क्षेत्र/भेगको कृषकहररुद्वारा उठाइएको समस्याहरुस **विजयनगर गाँउपालिका** थित **कृषि विकास शाखा /कृषि ज्ञान केन्द्र** , अनुसन्धान कार्यालय तथा अन्य निकायहरुलाई सम्पर्क जानकारी उपलब्ध गराइ समाधान निकाल्ने प्रयास गर्ने ।

ण.उन्नत बीउ रासायनिक मल सुधारिएको औजार किटनाशक विषाधी आदि विक्री वितरण गर्ने ।

त. सिंचाई सुविधा उपलब्ध गराउने

थ. खेती विकास योजना तयार गर्न एवंम प्याकेज कार्यक्रम लाई सहयोग पुराउने ।

द. सघन कृषि विकास कार्यक्रमलाई सघाउ पुराउने ।

ध. कृषि उपज प्रशोधन गर्ने ।

न. उन्नत जातको बिउ उत्पादन तथा विक्री वितरण गर्ने ।

प. नगदेबाली उत्पादन, भण्डारण, प्रशोधन तथा विक्रीवितरण गर्ने ।

फ. तरकारी उत्पादन गरि उत्पादकत्व बढाउने ।

ब. कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने ।

भ. प्रशोधन वस्तु उचित मुल्यमा विक्री गर्ने ।

म. कृषि उपज उचित मुल्यमा खरिद बिक्री तथा ढुवानी गर्ने ।

य. श्रोत/हितकोष संकलन गर्ने।

र. संकलित बचत/हितकोषको प्रभावकारी परिचालन गर्ने।

ल. समुह वा सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने ।

व. माथि उल्लेखित उदेश्यहरु पूर्ति गर्न अन्य कार्यहरु गर्ने ।

## ३. सदस्यता:

क. एकै उदेश्य एवं सकभर आर्थिक अवस्था समान भएको एवं यस समुहको विधानको परिधिभित्र रहने इच्छ व्यक्त गरेको व्यक्तिलाई यस समुहको सदस्यता प्रदान गर्न सकिनेछ ।

ख. सदस्य हुन चाहने व्यक्तिले **नेपाल सरकार द्धारा परित कृषक समुह गठन तथा संचालन तथा निर्देशिका २०७५ को** अनुसुचि-८ उल्लेख भए बमोजिम दरखास्त दिनुपर्नेछ ।

## (१) सदस्यताको लागि योग्यता :

क. आफै खेतिपाती गरेको/गर्न सक्षम भएको
ख. समुहको उदेश्य अनुरुप कार्य गर्न इच्छुक भएको
ग. समुहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको
घ. कृषक-कृषक वीच आपसी सहयोग बढाउन इच्छुक भएको
ङ. सदस्यताको लागि १६ वर्ष उमेर पुगेको हुनु पर्नेछ ।
च. नेपाली नागरिक

## (२) साधारण सदस्य-

क. सदस्यता शुल्क रु. ....तिरी साधारण सदस्यताको निवेदन दिइ कार्य समिति निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ। यस्तो सदस्यले मासिक बचत रु...... प्रत्येक महिना जम्मा गर्नु पर्नेछ ।

ख. समुह गठन भइ सकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समुहको सदस्यता लिन चाहेमा समुहमा आबद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हित कोष र सोको व्याज साथै नियमअनुसारका अन्य शुल्क बुझाइ सदस्यता प्राप्त गर्न सक्नेछ ।

**(३) सदस्यताको अयोग्यता :** कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराइ सदस्यता समाप्त गर्न सक्नेछ ।

क. तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु ................महिना सम्म नतिरेमा
ख. विधानको उदेश्य विपरित कार्य गरेमा वा समुहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्कासन गरेमा ।
ग. सदस्यताबाट राजिनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा)
घ. अपराधिक कार्यमा संलाग्न भएको दोष प्रमाणित भएमा
ङ. कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा
च. मृत्यु भएमा
छ. समुहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा

## ४.साधारण सभा तथा कार्य समिति

### (१) साधारण सभा :

क. यस समुहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ, जुन समुहको उच्चतम निकाय हुनेछ ।

ख. यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ ।

ग. साधारण सभा वर्षमा कम्तिमा १ पटक बस्नु पर्नेछ ।

घ. आवश्यकता अनुसार जुन सुकै बेला साधारण सभा बोलाउन सकिनेछ ।

**(२) साधारण सभाको अधिवेशन** : कार्य समितिले तोकेको मिति र समयमा समुहको सचिवले अध्यक्षको परामर्श लिइ लिखित सुचना सम्पूर्ण सदस्यलाई **दिइ** साधारण सभाको स्थान समय मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

### (३) साधारण सभाको काम कर्तव्य र अधिकार :

क. कार्य समितिको निर्वाचन तथा गठन गर्ने ।

ख. विधान संशोधन गर्ने ।

ग. वार्षिक बजेट अनुमोदन गर्ने ।

घ. समुहको बार्षिक कार्यक्रम स्विकृत गर्ने ।

ङ. समुहको बार्षिक कार्ययोजना बनाउने ।

च. समुहले कार्ययोजना बनाउदा शत प्रतिशत कृषि कार्यक्रम बनाउने ।

**(४) साधारण सभाको गणपूरक संख्या** : यस समुहको कार्य समितिको बैठक बहु संख्याक ५१ प्रतिशत सदस्यहरु उपस्थिति भएमा बैठक बस्ने गणपूरक संख्या पुगेको मानिनेछ । तर गणपूरक संख्याको अभावमा दूइ पटक बैठक स्थागित भएमा तेस्रो पटक उपस्थिति संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

(५) कार्य समिति गठन विधि :

क. यो समुहको निम्न बमोजिमका पदाधिकारी एवम् सदस्य रहेको ७ सदस्सीय मुल समिति हुनेछ ।

- क. अध्यक्ष – १
- ख. उपाध्यक्ष – १
- ग. सचिव – १
- घ. कोषाध्यक्ष –१
- ङ. सदस्य –३

ख. कार्य समितिका पदाधिकारी हरुको बैठक हरेक महिनाको दोश्रो शनिबारका दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

ग. कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

घ. कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्य बाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सकिनेछ ।

ङ. कार्य समितिको कोरम ५१ **प्रतिशत** लाई मानिनेछ तथा निर्णय बहुमतद्वारा हुनेछ ।

च. साधारण सभाका सदस्यहरुले आफु मध्यबाट निर्वाचन प्रक्रियाद्वारा अध्यक्ष सचिव कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ । तर अध्यक्ष सचिव कोषाध्यक्ष मध्ये एक पदमा महिला अनिवार्य रुपमा हुनु पर्दछ ।

## (६) कार्य समितिको काम कर्तव्य र अधिकार :

क. विधानको परिधिभित्र रही समुहको उदेश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालना गर्ने ।

ख. समुहको बार्षिक कार्यक्रम बनाउने तथा समुहको क्रियाकलापहरु संचालन गर्ने ।

ग. सहकारी तथा गैरसहकारी संस्था सँग सम्पर्क बृद्धि गर्ने कृषि सम्बन्धी अन्य संघ संस्थाहरुसँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ. सहकारीमा जाने प्रयास गर्ने ।

ङ. समुहको कार्ययोजना बनाइ लागू गर्ने ।

च. समुहको बार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

## (७) समुहको बैठक :

क. समुहको नियमित बैठक प्रत्येक महिनाको ...............गते ....... बजे ............... स्थानमा बस्नेछ ।

ख. समुहको बैठक कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ ।

ग. पूर्वानिर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सोको जानकारी कारण सहित पहिला नै दिनु पर्दछ ।

घ. जानकारी नदिइ लगातार ३ पटक बैठकमा उपस्थित नहुने सदस्यलाई समुह समितिको **निर्णयका** आधारमा निष्कासित गरिनेछ ।

## ५. पदाधिकारीको काम कर्तव्य र अधिकार :

### क. अध्यक्ष :

अ. अध्यक्षले समितिको बैठकको अध्यक्षता गर्ने ।

आ. समुहको सम्पूर्ण कार्यको निरिक्षण तथा नियन्त्रण गर्ने ।

इ. कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत भएमा निजले आफ्नो निर्णयक मत दिन सक्ने ।

ई. समुहको उदेश्य परिपूर्तिका लागि पछि समुहको बैठकले अनमोदन गराउने गरी रु. १००० खर्च गर्न सक्ने छ ।

उ. समुहको प्रमुख हुने ।

ऊ. सामुहिक नेतृत्व प्रदान गर्ने ।

### ख. उपाध्यक्ष :

अ. अध्यक्षको कार्यमा सहयोग गर्ने ।

आ. अध्यक्षको अनुपस्थितिमा निजले सम्पूर्ण कार्य गर्ने ।

### ग. सचिव :

अ. समुहको दैनिक कार्य तथा कार्यालय सम्बन्धि कार्य गर्ने ।

आ. कार्यालयका खर्चका लागि पछि समुहबाट अनुमोदन गराउने गरी रु.१०००। सम्म खर्च गर्न सक्ने ।

इ. अधिवेशन वा साधारण सभामा समुहको तर्फबाट प्रतिवेदन पेश गर्ने ।

ई. समुहको प्रवक्ताको रुमा काम गर्ने ।

### घ. कोषाध्यक्ष :

अ. समुहको सम्पूर्ण आर्थिक कारोबारको जिम्मा कोषाध्यक्ष सँग हुनेछ ।

आ. समुहको आय व्याय हिसाव दुरुष्त राख्ने ।

इ. समुहको निर्णय अनुसार कोष सम्बन्धी काम गर्ने ।

ई. अधिवेशन वा साधारण सभामा समुहको आय व्याय विवरण र आगामी बजेट प्रस्तुत गर्ने ।

उ. समुहको कोषाध्यक्षले समुहबाट पछि अनुमोदन गराउने गरी रु.५००। सम्म खर्च गर्न सक्ने ।

## (६) कार्य समितिको सदस्यहरुको काम कर्तव्य र अधिकार :

क. आवश्यकता अनुसार समुहका अन्य उप समितिमा रही जिम्मेवार बहन गर्ने ।

ख. कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

## ७. आर्थिक व्यवस्था :

### १. आर्थिक स्रोत

क. यस समुहको सदस्यताबाट प्राप्त सदस्यता शुल्क

ख. समुहको अन्य क्रियाकलापबाट भएको आम्दानी

ग. समुहको सदस्यले बचत गर्ने मासिक रकम

घ. समुहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज

ङ. समुहले अन्य संघ संस्थाबाट पाएको अवसरबाट समुह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट........प्रतिशत लेबि **बुझाउनु पर्ने छ।**

च. समुह सदस्यले आफ्नो नामबाट गरेको बचत

छ. बिलम्ब शुल्कबाट

### २. हितकोष :

क. श्री.................................................. कृषक समुहको एक हितकोष हुनेछ ।

ख. श्री राष्ट्रिय वाणिज्य बैंकमा समुहको खाता रहनेछ ।

### ३. हितकोष परिचालन :

क. हितकोषको रकम कम्तीमा ५० प्रतिशत कृषि कार्यक्रममा संचलान गर्नुपर्नेछ ।

ख. समुह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्ने छन् ।

ग. सदस्यले ऋण माग गर्न अनुसुचि-९ अनुसार निवेदन दिनुपर्नेछ ।

घ. कृषि कार्यको लागि लिएको ऋणमा ५ प्रतिशत मासिक व्याज लाग्नेछ ।

ङ. अन्य ऋणमा १० प्रतिशत मासिक व्याज लाग्नेछ ।

च. मासिक व्याज मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।

छ. ऋण लिदा ऋण रकमका १ प्रतिशत सेवा बुझाउनु पर्नेछ ।

ज. राष्ट्रिय वाणिज्य बैंकमा समुह अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत बाट खाता समाधान हुनेछ ।

### ४. हितकोष परिचालनका उपायहरुलाई दुई वर्ग(आवश्यक खर्च र आन्तारिक लगानी ) विभाजन गर्न सक्ने छ ।

क. आवश्यक खर्च : आवश्यक खर्च भन्नाले देहाय बमोजिमको कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउनेछ ।

- कार्यालय खर्च ( कापी, कलाम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)

- फर्निचर खर्च
- ढुवानी तथा घरभाडा
- अन्य संस्थासँग सदस्यता लिदा तिर्नुपर्ने खर्च र बार्षिक नवीकरण खर्च
- लेखा परीक्षण खर्च
- कर्मचारी पारिश्रमिक खर्च
- साधारण सभा खर्च
- विवध (समुहको बैठक चिया नस्ता आदि)

**ख. आन्तारिक लगानी :** आन्तारिक लगानी भन्नाले समुहभित्रको सदस्य वीचको देहाय बमोजिमको लगानी भन्ने जनाउनेछ ।

- उत्पादनमुलक कार्य गर्न (उत्पादन तथा उत्पादन सामाग्री खरिद बिक्री )
- मल विउ बाली संरक्षण तरकारी बोटविरुवा किन्न र प्रयोग गर्न ।
- आयमुलक कार्य गर्न ।
- घरेलु आय मुलक कार्य गर्न ।
- सामाजिक कार्य गर्न जस्तै सफाइ अभियान पहिरो नियन्त्रण बृक्षरोपण कुलो निर्माण स्वस्थ्य र बातावरण संरक्षण आदि ।
- सीप विकास जस्तै प्याकिङ नर्सरी र तालिम आदि ।
- सामाजिक कार्य गर्न जस्तै महिला विकास बाल विकास आदि ।
- पुँजी लगानी कर्जा प्रवाह शेयर खरिद गर्न आदि ।
-

**(५) बिलम्ब शुल्क** : क. मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रत्येक दिन रु ५/- बिलम्ब शुल्क लाग्नेछ ।

ख. दोस्रो महिना प्रति दिन रु१०/-बिलम्ब शुल्क लाग्नेछ ।

ग. तेस्रो महिना प्रति दिन रु.१५/-

घ. चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ. प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा प्रति महिना रु.१००/-प्रति दिन दोस्रो महिना रु.२००/-प्रति दिन र तेस्रो दिन रु.३००/-प्रतिदिन बिलम्ब शुल्क लाग्नेछ ।चौथो महिना ऋण रकम व्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च. एक सदस्यको जमानी बसेको सदस्यले अर्को पुनः जमानी बस्ने छैन ।

छ. जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणी सदस्यले ऋण तिरीसकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

ज. ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

झ. ऋण लिनको लागि रु.१००००। सम्म एक सदस्यको जमानी रु.२५०००। समुह २ सदस्य र रु ५००००। सम्म ३ सदस्यको जमानी चाहिने छ ।

**(६) लगानीको सुरक्षण :**

क. कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम् ९० प्रतिशत सम्म मात्र ऋण लिन पाउनेछ ।

ख. यदि व्यक्तिको नाममा संकलित हितकोषको ९० प्रतिशत भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समुहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिन्छ ।

ग. ऋण लिने व्यक्तिले तिर्नुपर्ने सावा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्य मार्फत असुल उपर गरिनेछ ।

घ. यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचालित नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।

**(७) लेखापरीक्षण :**

समुहको आय व्यायको प्रत्येक वर्ष लेखापरीक्षण गराइनेछ ।र यसरी लेखापरीक्षण गराउन सरकारी मान्यता प्राप्त लेखापरीक्षक नियुक्ती गरिनेछ ।लेखापरीक्षणको प्रतिवेदन अधिवेशन वा साधारण सभामा पेश गर्नु पर्नेछ । समुहको लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष **न.पा.का.कृषि विकास शाखा** समक्ष पेश गर्नु पर्नेछ ।

**५. विविध :**

**(१) निर्वाचन सम्बन्धी व्यवस्था :**

क. यस समुहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

ख. सो निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराइ सक्नु पर्नेछ ।

ग. सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्नेछ ।

घ. यस कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमती द्धारा साधारण सभाको सदस्यहरुले छन्ने छन् ।

**(२) पदावधि :**

क. पदावधिको कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ ।

ख. सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समुहको साधारण सभा वोलाइ नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

**ग.** कार्य समितिले विधान उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगाबै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भए पछि सो कार्य समितिको सदस्य हरुको समितिले आफ्नो समितिको बैठक बोलाइ एउटा तदर्थ( प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समिति द्वारा साधारण सभाको बैठक वोलाई नयाँ कार्य समितिको गठन गर्नेछ ।

**घ.** कार्य समितिको पदावधि समाप्त हुनु अगाबै कार्यरत कार्य समिति कुनै किसिमबाट भङ्ग हुन गएमा भङ्ग भएको कार्य समिति ले आफ्नो जिम्ममा रहेको कागजपत्र जिन्सी कार्य भार समेत सम्पूर्ण सदस्यको सभा वोलाइ अथवा कार्यालय सचिव भए सो लाइ बुझाइ सो को भरपाइ लिनु पर्नेछ ।

ङ. सो नगरेमा यस समुहलाइ हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा बेहोर्नु पर्नेछ ।

## (३) उम्मेदवारको अयोग्यता :

क. कृषि पेशामा संलाग्न नभएको व्यक्ति ।

ख. कृषि समुहमा नभएको व्यक्ति ।

ग. समुहको उदेश्य विपरित कार्य गर्ने व्यक्ति ।

घ. मानसिक आवस्था ठिक नभएको व्यक्ति ।

ङ. फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**च. गैर नेपाली नागरि**

## (४) अविश्वासको प्रस्ताव :

समितिका पदाधिकारी सदस्यहरु विरुद्ध अविश्वाशको प्रस्ताव ल्याउनको लागि समितिको २५ प्रतिशत सदस्यहरुले लिखित माग गर्नु पर्दछ र सो माग गरेको ७ दिन भित्र कार्य समितिको बैठक बस्नु पर्नेछ । समितिको दुइ तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पास गर्नु पर्नेछ । तर निजलाई अभियोगका बारेमा सफाइ दिने मनासिव समय दिनेछ ।

## (५) राजिनामा :

**अध्यक्ष बाहेकका पदाधिकारी तथा सदस्यहरुले अध्यक्ष र अध्यक्ष ले कार्यसमिति समक्ष राजिनामा दिन सक्ने यसरी** राजिनामा दिएमा ७ दिनभित्र राजिनामा स्विकृत भए नभएको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

## (६) विधान संशोधन :

क. समुहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरुमध्यका कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गर्नेछ ।

ख. सदस्य हरु मध्यका उपस्थिति सदस्यहरुमध्यका दुइ तिहाइ बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ ।

ग. संशोधित विधान स्थानिय निकायको कृषि बिकास शाखाबाट अनुमोदित नभए सम्म संशोधन भएको मानिने छैन ।

**(७) नियम बनाउने :** साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्ने छ ।

**(८) उप समितिहरु गठन गर्न सक्ने छ** : साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्विकृत लिइ आफ्ना कार्यक्रमहरु संचालन गरी समुहो लक्ष्य र उदेश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

**(९) विघाटन** :

क. समुहको विधान बमोजिम कार्य संचलान गर्न नसकी वा उदेश्य प्राप्त गर्न असफल भए वा ३ वर्ष सम्म समुह नवीकरण नभएमा समुह विघाटन हुनेछ ।

ख. समुह विघाटन भएको अवस्थामा बचत रकम सम्पूर्ण सदस्यलाइ फिर्ता गर्नु पर्नेछ ।

**(१०) समुह छोर्नु पर्ने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएको अवसर :**

क. कुनै पनि सदस्यले समुह छोर्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोषको रकमबाट ३ प्रतिशत कट्टा गरी बाकी रकम भुक्तानी गरिनेछ ।

**ख.** यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सब भन्दा नजिकको आफ्नतालाइ समुहले दिने व्याज सहित फिर्ता गरिनेछ ।

ग. समहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समुहको बैठकबाट निर्णय गराइ आलोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**(११) समुहको चल अचल सम्पत्ति** :

क. समुह विघटन भए पश्चात समुहको चल अचल सम्पति स्थानिय निकायको आर्थिक विकास शाखाको निर्णय बमोजिम हुनेछ ।

ख. उक्त निर्णय चित्ता नबुझेको खण्डमा निर्णयको जानकारी पाएको ३५ दिनभित्र स्थानिय तहको कार्यपालिका समक्ष निवेदन गर्न सक्नेछन

ग. खण्ड (ख) बमोजिम कार्यपालिका गरेको निर्णय अन्तिम हुनेछ ।

१२) विविध

**यस विधानमा जुनसुकै कुराहरु लेखिएको भए पनि प्रचालित कानून बमोजिम कुनै निकायको स्वीकृती वा सहमती लिएरा मात्र गर्न सक्ने भनि तोकिएका कामहरु सो बमोजिम अनुमति वा स्वीकृती लिएरा मात्र संचालन गरिनेछ ।**

**१३) यस बिधानमा लेखिएको कुनैपनि कुरा प्रचालित कानूनसंग बाझिएको खण्डमा बझिएको हद सम्मा स्वत: खारेज हुनेछ ।**

## कृषक समूहको विवरण

१) कृषक समुहको नाम :

२) ठेगाना :

३) समूह गठन मिति :

४) समूहको प्रमुख उदेश्य :

५) सदस्य संख्या : पुरुष महिला जम्मा

६) हितकोष रकम :

- प्रति महिना संकलन हुने हितकोष रकम रु.
- मिति .............................. सम्मको हितकोष रकम रु.

७) खाता संचालन भएको बैंक :

८) खाता संचालकहरु : क) ख)

९) समूहको स्थिती :

१०) समूहको किसिम: पूरुष/महिला/मिश्रित

### पदाधिकारी तथा सदस्यहरुको विवरण :

| सि. नं. | नाम थर | मुख्य जाति | पुरुष/ महिला | शैक्षिक योग्यता | भुस्वामित्य विगहा | कृषि वाहेक अन्य पेशा | पद | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| १८ | | | | | | | | |
| १९ | | | | | | | | |
| २० | | | | | | | | |
| २१ | | | | | | | | |
| २२ | | | | | | | | |
| २३ | | | | | | | | |
| २४ | | | | | | | | |
| २५ | | | | | | | | |

दलित संख्या : जनजाती संख्या : अन्य जाति संख्या :

पेश गर्नेको नाम र दस्तखत: